जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २२० २०८१ साल चैत २० गते बुधबार (2 Apr. 2025 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : 'जडीबुटी कम्पनी चाँडैः ... ३ पृष्ठमा : अन्नपूर्ण आधार शिविरमा ... ३ पृष्ठमा : इजरायली निकासी ...

## 'पत्रकारहरुको सुरक्षाका लागि राज्यले छुट्टै कानुन ल्याउनुपर्छ'




**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत।**

पत्रकारहरुको सुरक्षाका लागि राज्यले छुट्टै कानुन ल्याउनुपर्नेमा राजविराजमा मंगलबार आयोजित एक अन्तरक्रियाका सहभागिहरुले जोड दिएका छन्।

नेपाल पत्रकार महासंघ सप्तरीले मंगलबार पत्रकार र संचार गृहको सुरक्षामा राज्यको दायित्व विषयमा पेशागत संघ संगठनसंग गरेको अन्तरक्रियामा सहभागिहरुले यस्तो जोड दिएका हुन्।

काठमाडौंमा शुक्रबार मारिएका पत्रकार सुरेश रजक र तथा संचारगृहमा भएको आक्रमण विरुद्ध आन्दोलनमा उत्रेका पत्रकार महासंघले पेशागत संघ संगठनसंग अन्तरक्रियाको आयोजना गरेको हो। आयोजित अन्तरक्रियामा बक्ताहरुले परिबर्तनको हरेक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्दै आएका पत्रकारहरु माथि पटक-पटक आक्रमण हुँदै आएकोले उनीहरुको सुरक्षाका लागि छुट्टै कडा कानुन ल्याउनुपर्नेमा वक्ताहरुले बताए।

कार्यक्रममा बोल्दै सप्तरी जिल्ला बार एशोसिएशनका सचिव राम एकवाल मंडलले जनताको मौलिक हक र मानव अधिकारको संरक्षणमा अग्रणी भूमिका निर्वाह गर्दै आएको संचारकर्मीहरुको सुरक्षाका लागि छुट्टै कानुन ल्याउनु

*बाँकी अन्तिम पृष्ठमा*

## तीनकुने घटनामा संलग्न भएको अभियोगमा थप २४ जना पक्राउ

काठमाडौं, १९ चैत (रासस)।

प्रहरीले काठमाडौंको तीनकुने घटनामा संलग्न रहेको अभियोगमा थप २४ जनालाई पक्राउ गरेको छ।

यही चैत १५ गतेको तीनकुनेमा आयोजिक कार्यक्रममा हिंसात्मक प्रदर्शन, अराजक गतिविधि र तोडफोडको घटनामा संलग्न भएको आरोपमा थप २४ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "उक्त घटनामा संलग्न रहेको अभियोगमा थप २४ जना पक्राउ परेका छन्, यस अघि ४१ जनालाई पक्राउ गरी म्याद थप गरेर अनुसन्धान अघि बढाइएको छ।" उनीहरूलाई काठमाडौंका बिभिन्न स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसरले जनाएको छ।

## जातिय विभेद तथा छुवाछुत गर्नेहरुमाथी कारवाहीको माग




**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत।**

डोम उधान समाज सप्तरीले जातिय बिभेद तथा छुवाछुत गर्नेहरुमाथी कारबाहीका लागि माग गर्दै मंगलबार जिल्ला प्रशासन कार्यालय सप्तरीलाई ज्ञापनपत्र बुझाएको छ।

समाजका अध्यक्ष सिकिन्दर मरिक तथा बरिष्ठ सल्लाहकार युक्तिलाल मरिकको नेतृत्वमा पुगेको टोलीले उक्त मागसहित प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ज्ञापनपत्र बुझाएको हो।

बुझाइएको ज्ञापनमा सिरहाको औरही गाउँपालिका वडा नं. ५ का दिपक मरिक र उनकी श्रीमती अनिता कुमारी

*बाँकी तीन पृष्ठमा*

## चुनौतीलाई चिर्दै अवसरमा परिणत गर्नेछु : नवनियुक्त क्याम्पस प्रमुख डा. कर्ण



**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत।**

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका नवनियुक्त क्याम्पस प्रमुख डा. सुशिल चन्द्र कर्णले क्याम्पसमा विद्यमान रहेको बिभिन्न चुनौतीलाई चिर्दै त्यसलाई अवसरमा परिणत गर्ने प्रतिबद्धता जनाएका छन्।

मंगलबार क्याम्पस प्रशासनले आयोजना गरेको पदभार तथा स्वागत समारोहमा संचारकर्मीहरुलाई प्रतिक्रिया दिँदै उनले यस्तो प्रतिबद्धता जनाएका हुन्।

क्याम्पसको शैक्षिक स्तर तथा अन्य सुधार एकै पटक हुन नसक्ने बताउँदै क्याम्पस प्रमुख

*बाँकी तीन पृष्ठमा*

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यस इम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८१ चैत्र २२ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकार्ता (महिला) | छिन्नमस्ता गापा, सप्तरी | १ | HA / Staff Nurse |

**द्रष्टव्य:**

१. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको।
२. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौ (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल vacancy.impactnepal@gmail.com, मार्फत पनि पठाउन सकिनेछ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हाल सालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वार्ताको लागी सम्पंक गरीनेछ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।
६. तलब भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ।

## सम्पादकीय

### सरसफाईतर्फ ध्यान पुगोस्

सप्तरी जिल्लामा वर्षाको समयमा विभिन्न नदी खोलामा पानीको वहावका कारण बाढी आउने गरेको छ । खोला नदीको सरसफाई हुन नसक्दा वर्षायाममा पानीको बहाव सतह भन्दा माथी बग्ने गरेपछी बाढी आउने गरेको पाइएको छ । जसकारण पानी मानवबस्तीमा पुगेर डुवान क्षेत्रमा परिणत हुने गरेको छ । सरकारले नदीबाट बालुवा निकाल्न प्रतिबन्द्ध लगाएपछि खोला, नदीमा बालुवा थुप्रिदै जाँदा बहाव क्षेत्र साँघुरो हुँदै गएको छ ।

जिल्लाको खाडो नदी जहिले पनि बाढीको उच्च जोखिममा पर्ने गरेको छ । नदी नियन्त्रण, मर्मत, सरसफाईका लागि हरेक वर्ष बजेट निकासा हुन्छ, तर काम भने बालुवामा पानी सरह हुन्छ । जिल्लाको रुपनी गाउँपालिका हुँदै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिकासम्म खाँडो नदीको बग्ने गर्दछ र पछि तिलाठीबाट भारततर्फ सो नदीको धार परिवर्तन हुन्छ ।

सधै भरि जिल्लावासी बाढीको चपेटमा पर्ने र जनधनको क्षति हुने हुँदा नदी, खोलाको सरसफाईप्रति स्थानियस्तरबाट पनि जनदबाब जरुरी छ । तसर्थ सरोकारवाला निकायको विभिन्न नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाईप्रति गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# 'जडीबुटी कम्पनी चाँडै बौरिने छ'

**बुनु थारु**

काठमाडौं, १९ चैत (रासस) ।

'सञ्चो' भनेर धेरै नेपालीलाई थाहा छ तर उत्पादक संस्थाबारे कतिपयलाई थाहा नहुन सक्छ । कम्पनिले अन्य विविध उत्पादनहरू गरिरहे पनि 'सञ्चो' एक स्थापित 'ब्रान्ड' नै भइसकेको थियो । जसले उत्पादक कम्पनीबारे पनि आमनागरिकमा एउटा छाप छोड्दै थियो । यसका पछाडि वर्षौंदेखि संस्था र सरकारका लगानी तथा मेहेनत छ । विडम्बना, त्यही संस्था गत शुक्रबारदेखि भग्नावशेषमा परिणत भएको छ । पूर्वराजा ज्ञानेन्द्र शाह पक्षधर प्रदर्शनकारीले आगजनी गर्दा कोटेश्वरस्थित जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड खण्डहर बनेको हो ।

भवन खण्डहर छ । त्यहाँ रहेका उपकरण र अन्य सामग्री जलेर खरानी भएका छन् । 'गुड म्यानुफ्याक्चरिङ प्राक्टिस'( जिएमपी) सुविधासहितका दुई वटा भवनमा क्षति पुग्नाका साथै औषधि उत्पादनमा प्रयोग हुने कच्चापदार्थ, उपकरण, फर्निचर, कागजातल, प्याकेजिङलगायत सामग्री जलेर खरानी भएका छन् । प्रारम्भिक विश्लेषणअनुसार आगजनीबाट रु २८ करोड बराबरको क्षति हुन पुगेको छ ।

हाल त्यही खण्डहर भवनमा रहेका भग्नावशेष र खरानी पन्छाउने काम जारी छ । त्यो दिन सम्झिँदा कम्पनीकी महाप्रबन्धक सङ्गीता यादवको मन भक्कानिन्छ । जनमानसमा 'सञ्चो'उत्पादन गर्ने संस्थाका रूपमा चिनिएको यस कम्पनीलाई आफ्नै आँखा अगाडि खरानी भएको देख्दा उहाँको मन रोएको छ । महाप्रबन्धक यादव भन्नुहुन्छ, "मैले आफैँले त्यो नयाँ मेसिन राखेको थिएँ । अब यो लेभलसम्म आयो भनेर कति खुसी थियौँ तर आँखा अगाडि नै त्यो सबै संरचना जलेको देख्दा आँखाबाट आँसु नै आयो । मन थाम्न सकिँन । यस्तो हुन पुग्यो ।"

जिएमपीअनुसार सञ्चालन गरिएको भवनलगायत स्वचालित उपकरणहरू जलेर ध्वस्त हुँदा उत्पादन ठप्प छ । यद्यपि चाँडै नै कम्पनी पुरानै अवस्थामा फर्किने आशामा रहेको महाप्रबन्धक यादवको विश्वास छ । उहाँले भन्नुभयो, "सबै जलेर खरानीमा परिणत भएको छ । कम्पनी फेरि सुरुआत गर्नु त पर्छ तर सुरुआती चरणमा म्यानुअल( हातबाट) फिलिङमै जानुपर्ने भयो । कम्पनी विविध चुनौतीका बीच एक लेभलमा अगाडि बढिरहेको थियो, शाखा पनि विस्तार गरिसकेका थियौँ । हामी सबै कर्मचारी उत्साहित थियौँ तर हुलदङ्गाको चपेटामा परेर सबै गुम्यो । अब सरकारले यसलाई गम्भीर भएर सोचिदिनुपर्छ ।"

पहिलाकै अवस्थामा कम्पनीलाई ल्याउन कठिन भए पनि प्रयास र समन्वय भइरहेको छ । कम्पनीले देशभरिमा रहेका शाखा कार्यालयबाट उत्पादन सुरु गर्ने लक्ष्य राखेको छ । "यो संस्था अप्रिय दुर्घटनाको सिकार हुन पुग्यो । सातवटै प्रदेशमा शाखा राख्ने भनेर विभिन्न ठाउँमा काम भइसकेको छ । लुम्बिनी प्रदेशमा मात्र जान बाँकी थियो । जाजरकोटमा पनि हालैमात्र शाखा विस्तार गरेका थियौँ । गोरखामा पनि सुरु गर्ने तयारी थियो । अब जिल्लामा रहेका शाखाबाट उत्पादन गर्ने कोशिस गर्छौं तर जति माग थियो त्यसलाई भने धान्न सकिँदैन", महाप्रबन्धक यादवले भन्नुभयो ।

उहाँका अनुसार अस्थायी संरचना तयार गरेर भएपनि उत्पादन सुरु गर्ने र यसका लागि सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्छ । यादवले भन्नुभयो, "छानविन आफ्नो ठाउँमा छ । आफ्नो तर्फबाट सम्बन्धित निकायसँग पहल गरिरहेका छौँ । व्यवसाय गर्ने संस्था हो । आफैँ कमाउने आफैँ खाने संस्था हो । अर्थतन्त्रमा यसको पनि योगदान हुन्छ । त्यसैले उत्पादन रोकिनुहुन्न । आशा छ हामी चाँडै बौरिने छौँ । सञ्चोको उत्पादन पुनः हुनुपर्छ भनेर लागिरहेका छौँ, यसमा सबैबाट सहयोग पाउने छौँ ।"

विसं २०३८ मा स्थापित

**बाँकी अन्तिम पृष्ठमा**

# हिउँदे अविधेशनबाट पाँच विधेयक पारित

काठमाडौं, १९ चैत (रासस) ।

प्रतिनिधिसभाको चालु पाँचौं अधिवेशनबाट विभिन्न पाँच विधेयक पारित भएका छन् । माघ १८ गतेदेखि सञ्चालन भएको अधिवेशनमा प्रतिनिधिसभामा १२ वटा सरकारी र एउटा गैरसरकारी विधेयक दर्ता भएका थिए ।

त्यसमध्ये पाँचवटा विधेयक सङ्घीय संसद्का दुवै सभाबाट पारित भएका छन् भने चारवटा विधेयक समितिमा विचाराधीन छन् । तीनवटा विधेयक सदनसमक्ष प्रस्तुत मात्र भएका छन् ।

अधिवेशनको प्रारम्भमा प्रतिनिधिसभामा पेस भएका छ विधेयकमध्ये 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बिधेयक, २०८१' पारित भए ।

यो 'निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' र 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पारित भएको छ ।

सदनमा 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पेस मात्र भयो । 'जाति, रङ्ग, क्षेत्र, वेशभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव (कसुर र सजाय)' सम्बन्धी गैरसरकारी विधेयक दर्ता भएको छ ।

सभाको पहिलो, दोस्रो, तेस्रो र चौथो अधिवेशनबाट सरकारी र गैरसरकारी गरी पेस भएका १३ वटा विधेयकमध्ये 'संवैधानिक परिषद् (काम, कर्तव्य र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक' प्रतिनिधिसभाबाट पारित भएको छ ।

'जलस्रोत विधेयक'सम्बन्धी समितिको प्रतिवेदन सभामा प्रस्तुत भएको छ । 'बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक' राष्ट्रियसभाबाट फिर्ता भई प्रतिनिधिसभामा टेबुल भएको छ । आठ वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन छन् ।

चालू अधिवेशनमा राष्ट्रियसभामा उत्पत्ति भएका चार वटा विधेयक सभामा प्राप्त भएकामा दुई वटा सम्बन्धित समितिमा पठाइएको छ । 'नेपाल कानून व्यवसायी परिषद् (पहिलो संशोधन) विधेयक' माथिको सैद्धान्तिक छलफल टुङ्गिएको छभने र 'तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक' प्रस्तुत भएको छ ।

अघिल्ला अधिवेशनमा राष्ट्रियसभाबाट प्राप्त सात वटा विधेयकमध्ये चार वटा पारित भएका छन् । 'शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक'सम्बन्धी समितिको प्रतिवेदन सदनमा पेस भएको छ भने 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग ( तेस्रो संशोधन) विधेयक' सम्बन्धित समितिमा विचाराधीन छ । 'राष्ट्रिय मर्यादासम्बन्धी विधेयक' प्रस्तुत मात्र भएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

# अन्नपूर्ण आधार शिविरमा पुग्न थाले आरोही

म्याग्दी, १९ चैत (रासस) ।

अन्नपूर्ण हिमाल आरोहणका लागि आरोहीहरू आधार शिविरमा पुग्न थालेका छन् । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्दछ ।

चालु वसन्तयाममा अन्नपूर्ण हिमाल आरोहणका लागि आएका आरोही, शेर्पा, पथप्रदर्शक, मजदुर र पर्यटकहरूको आधार शिविरमा चहलपहल बढेको अन्नपूर्ण गाउँपालिका-४ का वडासदस्य श्याम पुर्जाले बताउनुभयो ।

"अन्नपूर्ण आधार शिविरमा आरोहण टोलीले टेन्ट टाँगेर गाउँ जस्तै बनाएका छन्", उहाँले भन्नुभयो, "आरोहण टोलीका साथै आन्तरिक तथा बाह्य पर्यटकहरूको पनि आगमन सुरु भएको छ ।" उहाँका अनुसार समुन्द्री सतहबाट चार हजार एक सय मिटर उचाइमा आरोहीका साथै घुमघामका लागि पर्यटकहरू पनि आउन थालेका छन् ।

पर्यटन विभागले पछिल्लो पटक गत मङ्गलबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार यस वर्षको वसन्तयाममा अन्नपूर्ण हिमाल आरोहणका लागि पाँच समूहका ३० पुरुष र १२ जना महिला आरोहणको अनुमति लिएका छन् । वसन्तयामका लागि हालसम्म पाँच वटा हिमाल अरोहण गर्न ५८ जनाले अनुमति लिएकामा सबैभन्दा बढी अन्नपूर्ण चढ्ने पर्यटक रहेका विभागका निर्देशक आरती न्यौपानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार पायनियर एडभेन्चर, आठ के एक्सपिडेसन, इमेल नेपाल, सेभेन समिट, १४ पिक्स एक्सपिडेसन, मकालु एडभेन्चर र बोचीबोची पिक्समार्फत विश्वका विभिन्न देशबाट आएका आरोहीहरू आधार शिविरमा पुगेर तयारी थालेका छन् ।

भारतीय पर्वतारोहीलाई आरोहण गराउन आधार शिविर पुगेका सेभेन समिटका पेम्बा शेर्पाले २० दिनभित्र अन्नपूर्ण आरोहण सकेर सगरमाथा जाने योजना रहेको बताउनुभयो । "शेर्पाहरूले आधार शिविरबाट हिमालको चुचुरोतर्फ जाने बाटो बनाउन थालेका छन् । केहीदिन आधार शिविरमा विश्राम र तयारी गरेपछि आरोहीहरू हिमाल चढ्न जानेछन्", उहाँले भन्नुभयो ।

विश्वको दशौं अग्लो अन्नपूर्ण हिमाल आरोहणका लागि वसन्तयाम उपयुक्त मानिन्छ । अन्नपूर्णको अहिलेसम्म चार सय ८८ जनाले सफल आरोहण गरेका पर्यटन विभागले जनाएको छ । सन् १९५० मा फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण पहिलो पटक आरोहण गर्नुभएको थियो । मौरिसले अन्नपूर्ण चढेको तीन वर्षपछि सन् १९५३ मा सरएडमण्ड हिलारी र तेन्जिननोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्नुभएको थियो ।

आठ हजार मिटरभन्दा अग्लो सबैभन्दा पहिलो पटक मानव पाइला परेका कारण अन्नपूर्णलाई 'जेठो' हिमाल पनि भन्ने गरिन्छ । प्रथम आरोही मौरिस हर्जोगले आरोहणका क्रममा प्रयोग गरेको बाटोलाई पहिचान गरेर नारच्याङ-आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग तयार गरिएको अन्नपूर्ण गाउँपालिका कार्यालयले जनाएको छ ।

नारच्याङका अगुवा तेज गुरुङको अगुवाइमा विसं २०६७ मा पहिचान भएको यो पदमार्गमा आधारभूत पूर्वाधार तयार भएपछि आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको उहाँले उल्लेख गर्नुभयो । पदमार्गलाई व्यवस्थित बनाएपछि यसपाली मजदुरहरूले सामान बोकेर आधार शिविरमा पुऱ्याएका अभियन्ता गुरुङले बताउनुभयो ।

"गत वर्षसम्म सामान र पर्यटक दुवै हेलिकप्टरबाट आधार शिविर जाने गर्दथे", उहाँले भन्नुभयो, "यसपाली पर्यटक हेलिकप्टरमा गएपनि सामान भरियाले बोकेर लगेका छन् ।" पदमार्गको प्रयोगसँगै आरोहीहरूको खर्च घट्नुका साथै भरियाहरूका लागि रोजगारीको अवसर सिर्जना भएको उहाँको भनाइ छ ।

पदमार्ग र आधार शिविर क्षेत्रमा अस्थायी संरचना 'टेन्ट'को आश्रय स्थल निर्माण गरी खाना र खाजा खुवाउने व्यवस्था मिलाएपछि पर्यटकहरूलाई सहज भएको गुरुङले बताउनुभयो । यसअघि होटल तथा लजको सुविधा नभएको मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आरोहण शिविरमा जानेहरूले खाना, खाजाका परिकार, भाँडाकुँडा, ग्यास, लत्ताकपडालगायत सामग्री आफैंले जोहो गर्नुपर्ने समस्या थियो ।

फुटफुते झरनामा चिया पसल, साधीखर्क, गुफाँफाँट, भुसकेट र अन्नपूर्ण आधार शिविरको पञ्चकुण्डताल परिसरमा अस्थायी शिविर सञ्चालन गरेपछि पर्यटकलाई खान, बस्न सहज भएको अभियन्ता गुरुङले बताउनुभयो । उहाँका अनुसार बन्दोबस्तीका सामानको भारी बोकेर यात्रा गर्नुपर्ने बाध्यता हट्नुका साथै स्थानीयस्तरमा रोजगारी र आयआर्जनको अवसर सिर्जना भएको छ ।

ती अस्थायी शिविरमा दैनिक ५० जनासम्म पर्यटक बास बस्न सक्छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा पर्ने उक्त क्षेत्रमा स्थायी संरचना बनाउन नमिल्ने कानुनी व्यवस्था भएकाले पर्यटकीय याममा सञ्चालन गर्न मिल्ने गरी क्षेत्र तोकेर शिविर बनाउन अनुमति दिइएको एक्यापले जनाएको छ ।

आधार शिविरबाट सोमबार फर्किएका म्याग्दीका सञ्चारकर्मी गणेश गुरुङले अस्थायी शिविर र रेष्टुरेन्टको सुविधाले सहज भएपनि स्वभाविक शुल्क निर्धारण र एकरुपता कायम गर्नुपर्नेमा जोड दिनुभयो ।

मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै समुन्द्री सतहबाट चार हजार १०० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा पुग्न सकिन्छ । नारच्याङबाट दुई घण्टा सवारीसाधनमार्फत यात्रा गरेपछि पुगिने हुमखोलाबाट दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ ।

छोटो यात्रामा पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा परेको स्थानीय बताउँछन् । शान्त र एकान्त वातावरण, वन्यजन्तु, पशुपन्छी, जङ्गल, अग्ला पहाडको खोँच, फुटफुते झरना, अन्नपूर्ण हिमालको फेदीमा रहेको निलो रङ्गको पञ्चकुण्डताल आधार शिविरका आकर्षण हुन् ।

## चुनौतीलाई चिर्दै ...

डा. कर्णले त्यसका निम्ति महिनामा एक प्रतिशत गर्दै वर्ष १२ प्रतिशत तथा चार वर्षमा ४८ प्रतिशत परिवर्तन गर्नेतर्फ आफू अगाडी बढ्ने आफ्नो योजना रहेको सुनाए ।

क्याम्पस प्रमुख डा. कर्णले कानुन संकायतर्फ ८ सय विद्यार्थीमा एक जना प्राध्यापक, व्यवस्थापन संकायतर्फ तीन जना प्राध्यापकमा कक्षा संचालन गर्नु पर्ने बाध्यता रहेको लाचारी पनि सुनाए ।

क्याम्पसमा निकै चुनौती रहेको भन्दै क्याम्पस प्रमुख डा. कर्णले त्रिविको नियम अनुसार नियमित कक्षा संचालनका लागि आवश्यक पहल गर्ने बताए । उनले क्याम्पसको शैक्षिक वातावरणका लागि सहयोगि हातहरु, विद्यार्थी, शिक्षक, राजनीतिक दल लगायतले पनि सहयोग गर्नु पर्ने जिकिर गरे ।

कक्षा नियमित संचालनका लागि विद्यार्थीहरुका साथ साथै प्राध्यापक र अध्यापक समेत जिम्मेवार बन्नु पर्नेमा जोड दिँदै प्राध्यापकको पदपूर्तीका लागि त्रिविसँग सहकार्य गरेर प्रक्रिया अनुसार करार र कराबाट स्थायी गर्नेतर्फ आफू लाग्ने सुनाए ।

यसअघि नवनियुक्त क्याम्पस प्रमुखलाई पूर्वक्याम्पस प्रमुख अमरकान्त झा, डा. सर्वेशचन्द्र मिश्र, लुम्बिनी विश्वविद्यालयका पुर्व रजिष्ट्रार डा. पिताम्बरलाल यादव, अवकाश प्राप्त प्राध्यापक अवधकिशोर सिंह, प्राध्यापक संघका सभापति पुष्पेन्द्र झा, डा. सूर्या यादव, स्ववियु अध्यक्ष रंजित कुमार यादवसहित क्याम्पसका विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरुले अविर र फुलमाला लगाएर स्वागत गरेका थिए ।

## जातिय विभेद ...

मरिकलाई महायज्ञको नाममा वर्षौंदेखी बसोवास गर्दै आइरहेको स्थानबाट उठिवास गराएकोमा समाजको गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ ।

मरिक परिवारलाई यथास्थानमा आवाससहितको पुर्नस्थापना, मरिक दम्पत्तिलाई गाउँपालिकामा करारको

सरसफाई कर्मचारीमा कुनै हस्तक्षेप नगर्न तथा अर्को व्यवस्था नहुन्जेलसम्म डोम तथा अन्य दलितहरुलाई उठिवास नगर्न ज्ञापनपत्र मार्फत माग गरिएको छ ।

बुझाइएको ज्ञापनमा ३० वर्षदेखी बसोवास गरिरहेका मरिक दम्पत्तिलाई केन्द्र सरकारको आर्थिक लगानी तथा प्रदेश सरकारको समन्वयमा १५ फिट चौडाई र २३ फिट लम्बाईको दुई कोठे पक्की घर शहरी विकास तथा भवन निर्माण कार्यालय सप्तरीको निगरानीमा निर्माण गरिएको स्मरण गराउँदै पक्की घर समेत डोजरले भत्काई पीडितलाई बस्तीबाट टाढा कोही नभएको स्थानमा तीन धुर ऐलानी जग्गामा टहरा बनाएर उनीहरुलाई बस्न बाध्य बनाएको उल्लेख छ ।

घर भत्काई उठीवास बनाउने औरही गाउँपालिकाका अध्यक्ष शिवजी यादव, महायज्ञ संयोजक बजरंगीबाबा, पूर्व वडाध्यक्ष दिलिप यादव र अन्य गाउँका अगुवाहरुलाई कारवाहीका लागि गम्भिर चासो देखाउनु पर्ने माग समेत गरिएको छ ।

# वीरगञ्जलाई आर्थिक राजधानी बनाउनुपर्ने

पर्सा, १९ चैत (रासस) ।

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले औद्योगिक तथा व्यापारिक नगर वीरगञ्जलाई आर्थिक राजधानी बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

आम जनता पार्टीले मंगलबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले वीरगञ्जमा पर्याप्त मात्रामा आर्थिक गतिविधि हुने भएकाले यसलाई आर्थिक राजधानी बनाउनुपर्नेमा उहाँको जोड थियो ।

प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका साहले मुलुकको आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य भएको बताउनुभयो । "मुलुकको आन्तरिक तथा बाह्य ऋण बढिरहेको छ," उहाँले भन्नुभयो,"स्वदेशी उद्योग, कलकारखानालाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्न आवश्यक छ ।"

## विश्व समाचार

### इजरायली निकासी चेतावनीपछि रफाहका बासिन्दाहरूको भागाभाग

तेल अभिव (इजरायल), १९ चैत (रासस/एएनआई) ।

इजरायली सैनिक(आइडिएफ) ले दक्षिणी गाजा सहरका बासिन्दाहरूलाई आफूहरू बसिरहेको स्थान (रफाह) खाली गर्ने आदेश जारी गरे पछि प्यालेस्टिनीहरू भाग्न थालेका छन् ।

"आइडिएफले यी क्षेत्रहरूमा आतङ्कवादी सङ्गठनको क्षमता नष्ट ठूलो शक्तिका साथ लड्न फर्किरहेको छ", आइडिएफका अरबी भाषाका प्रवक्ता कर्नल अविचाय अद्राईले ट्विट गर्नुभएको छ", "आफ्नो सुरक्षाका लागि तपाईं तुरुन्तै अल मवासीको आश्रयमा जानु पर्छ ।"

अक्टोबर ७ मा गाजा सीमा नजिकै इजरायली समुदायहरूमा हमासको आक्रमणमा कम्तीमा एक हजार एक सय ८० जना मारिए र दुई सय ५२ इजरायली र विदेशीहरूलाई बन्धक बनाइयो । बाँकी रहेका ५९ जना बन्धकमध्ये ३६ जनाको मृत्यु भएको अनुमान गरिएको छ ।

### असामान्य रूपमा तातो ग्रीष्म ऋतु आउने भारतीय मौसम पूर्वानुमानकर्ताहरूको चेतावनी

नयाँदिल्ली, १९ चैत (रासस/एएफपी) ।

भारतमा यस गर्मीमा सामान्यभन्दा बढी तापक्रम हुने अपेक्षा गर्न सकिने र गर्मीका अधिक दिनहरूले जीवन र जीविकोपार्जनमा प्रभाव पार्ने मौसम कार्यालयले चेतावनी दिएको छ ।

देश तातो गर्मीका लागि अपरिचित छैन तर वर्षौंको वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनले तातो छालहरू लामो, अधिक बारम्बार र अधिक तीव्र हुँदै गइरहेको पत्ता लगाएको छ ।

भारतमा ग्रीष्म ऋतु अप्रिलदेखि जुनसम्म रहन्छ । यो अवधिमा मौसमको उच्च तापक्रम प्रायः ४५ डिग्री सेल्सियस (११३ डिग्री फरेनहाइट) नाघेको हुन्छ । यस वर्ष गर्मी मौसममा देशका अधिकांश भागमा सामान्यभन्दा माथि अधिकतम तापक्रम देखिने भारतीय मौसम विभाग (आइएमडी) ले सोमबार राति एक पूर्वानुमानमा भनेको छ ।

जब असामान्य रूपमा उच्च तापक्रम दीर्घकालीन औसतभन्दा धेरै डिग्री रेकर्ड गरिन्छ गर्मी लहरका दिनहरूको सङ्ख्या पनि बढ्नेछ ।

"विशेष गरी पूर्वी भारतमा १० दिन वा सोभन्दा बढी गर्मीको लहर आउने अपेक्षा गर्न सकिन्छ र यसले गर्मीको तनाव निम्त्याउँछ", मौसम ब्युरोका प्रमुख मृत्युञ्जय मोहपात्राले पत्रकारहरूलाई भन्नुभयो ।

भारतमा सामान्यतया अप्रिल र जुनको बीचमा चारदेखि सातवटा गर्मीको लहरको अनुभव हुन्छ ।

शिशु, वृद्ध, स्वास्थ्य समस्या भएका मानिस र बाहिरी कामदारहरू विशेष गरी उच्च तापक्रमको जोखिममा छन् । परिणामस्वरूप हुने गर्मीको तनावले चक्कर आउने र टाउको दुख्नेदेखि लिएर अङ्गको विफलता र मृत्युको लक्षणहरू निम्त्याउन सक्छ । कङ्क्रिट, इँटा र अन्य गर्मी सोस्ने सतहहरूले घेरिएका सहरवासीहरू पनि उच्च जोखिममा छन् । चरम गर्मीको लामो अवधिले विद्युतीय ग्रिड र यातायात प्रणाली जस्ता पूर्वाधारमा पनि दवाब दिन सक्छ । आइएमडीले ती चुनौतीलाई सम्बोधन गर्न गर्मी कार्ययोजनाहरू तयार गर्नुपर्ने बताएको छ ।

"यसमा शीतलन केन्द्रहरूमा पहुँच प्रदान गर्ने, गर्मीसम्बन्धी सल्लाहहरू जारी गर्ने र प्रभावित क्षेत्रहरूमा सहरी गर्मी द्वीपको प्रभाव कम गर्न रणनीतिहरू कार्यान्वयन गर्ने समावेश छ", आइएमडीले भनेको छ । भारतले गत वर्ष आफ्नो हालसम्मकै लामो गर्मी लहरको सामना गरेको थियो । त्यस समयमा तापक्रम नियमित रूपमा ४५ डिग्री सेल्सियस नाघेको थियो । विश्व स्वास्थ्य सङ्गठनले हरेक वर्ष कम्तीमा पाँच लाख मानिस गर्मीले मर्ने गणना गरेको छ तर वास्तविक सङ्ख्या त्योभन्दा ३० गुणासम्म बढी हुनसक्ने चेतावनी दिएको छ ।

### पुटिन 'समयका लागि खेल्दै हुनुहुन्छ' : जर्मन विदेशमन्त्री

किएभ, १९ चैत (रासस/एएफपी) ।

जर्मन विदेशमन्त्री एनालेना बारबकले मङ्गलबार किएभको भ्रमणमा आइपुगेपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनमा युद्धको वार्तामा 'समयका लागि खेलिरहेको' आरोप लगाउनुभएको छ ।

"युक्रेन तत्काल युद्धविरामका लागि तयार छ । पुटिन नै समयको लागि खेल्दै हुनुहुन्छ, शान्ति चाहनुहुन्न र अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गर्ने उहाँको आक्रमणको युद्ध जारी राखिरहनुभएको छ", बारबकले आफ्नो मन्त्रालयद्वारा साझा गरिएको विज्ञप्तिमा भन्नुभयो ।

"उहाँ वार्ताको इच्छा देखाउँदै हुनुहुन्छ तर आफ्ना लक्ष्यहरूबाट एक इन्च पनि हट्नुहुन्न", बारबकले युद्ध सुरु भएदेखि युक्रेनको आफ्नो नवौं भ्रमणमा भन्नुभयो ।

मार्च ११ मा अग्रिम मोर्चामा सङ्घर्ष गरिरहेको युक्रेनी सेना र संयुक्त राज्य अमेरिकाले रुससँग ३० दिने युद्धविरामको योजनामा सहमति जनाएका थिए । तर पुटिनले अमेरिकी प्रस्ताव अस्वीकार गर्नुभएको छ र युक्रेनमा नयाँ नेतृत्व स्थापना गर्ने मस्कोको चाहनाबारे आफ्नो बयानबाजी बढाउनुभएको छ ।

बारबक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पुनः निर्वाचनपछि पहिलो पटक किएभ भ्रमणमा आउनुभएको हो । ट्रम्पले द्वन्द्व अन्त्य गर्न युरोपेली नेताहरूमाथि रुससँग सम्पर्क गरेर अमेरिका-युरोप सम्बन्धलाई उथलपुथल गर्नुभएको छ ।

नीतिमा परिवर्तनले नाटो गठबन्धनको भविष्यबारे चिन्ता उत्पन्न गरेको छ र युरोपलाई आफ्नै रक्षा क्षमता बढाउन र युक्रेनलाई आफ्नो समर्थन बढाउनमा केन्द्रित गर्न प्रेरित गरेको छ । जर्मनीले परम्परागत रूपमा कडा ऋण नियमहरूलाई सहज बनाउने एउटा ठूलो नयाँ खर्च प्याकेज अपनाएपछि गत मार्चमा युक्रेनलाई तीन अर्ब युरो (तीन अर्ब २५ करोड डलर) को नयाँ सैन्य सहायता स्वीकृत गरेको थियो ।

"संयुक्त राज्य अमेरिका र रुसबीचको गतिरोधलाई ध्यानमा राख्दै हामी युरोपेलीहरूले युक्रेनको पक्षमा उभिएको देखाउनु... र अहिले भन्दा बढी यसलाई समर्थन गर्नु अत्यन्त महत्वपूर्ण छ", बारबकले भन्नुभयो । सोमबार युक्रेनको बुचा सहरमा स्मरण समारोह आयोजना गरिएको थियो । त्यहाँ रुसी सेनामाथि तीन वर्षअघि सयौं नागरिकको हत्या गरेको आरोप लगाइएको छ ।

# चार दिवसीय चैती छठ पर्व नहाय-खाय विधीसँगै सूरु



**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

वर्षको दुई पटक मनाइने छठ पर्व अन्तरगत चैती छठ पर्व नहाय-खाय विधीसँगै मंगलवार देखी सूरु भएको छ ।

चारदिवसीय पर्वको पहिलो दिन नहाय-खाय धार्मिक विधीबाट सूरु गरिएको हो । ब्रतालुले पवित्र जलाशयमा स्थान तथा अन्य पुजाविधी गरी पर्वको सुरुआत गरका हुन । ब्रतालुले दोश्रो दिन बुधवार खरना, तेश्रो दिन बिहीबार अस्ताउदो सुर्यलाई तथा चौथो दिन शुक्रबार उदाउदो सुर्यलाई अर्घ दिएपछी चारदिवसीय चैती छठ पर्व सम्पन्न हुनेछ ।

शरद र बसन्त ऋतुमा गरी वर्षमा दुई पटक मनाईने छठ पर्व सुर्य उपासनाको पर्व हो । कार्तिकको छठ पर्वलाई मुख्य छठ पर्व मान्ने चलन छ । यद्धपी केही वर्ष यता चैती छठ मान्नेको संख्या पनि बढ्दै गएको छ ।

राजविराजको भगवती, तुरुन्ती, कल्टु, पुर्णी लगायतको पोखरीमा चैती छठ मनाउन भक्तजन र ब्रतालु पुग्ने गरेका छन । केही वर्ष यता ती पोखरीहरुमा ब्रतालु र भक्तजनको चैती छठ पर्वमा सहभागिता बढ्दै गएको छ ।

स्थानीयवासी एवं राजविराज नगरपालिकाका वडासदस्य रमानन्द देवले विगतको तुलनामा यस पटक त्यो संख्यामा पनि बढोत्तरी हुने अनुमान गरिएको बताए । यद्धपी कार्तिक महिनमा मनाईने छठ पर्व जस्तै चैती छठमा भने ब्रतालु र भक्तजनको भीडभाड कम हुने गरेको छ ।

विना पुजारी कै मनाईने यो पर्व पारिवारीक सुख:, शान्ती, कल्याण, रोगबाट मुक्ती तथा विभिन्न मनोकाँक्षा पुरा हुने उदेश्यले मनाउने गरिन्छ ।

# ईक्युवालिटी कपमा सप्तरीको दोस्रो जित

**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

बिराटनगरमा संचालित चौथो ईक्युवालिटी कप टि-ट्वान्टी महिला क्रिकेट प्रतियोगितामा सप्तरीले दोश्रो जित हात पारेको छ ।

नेपाल क्रिकेट फाउन्डेशन बिराटनगरद्वारा संचालित उक्त प्रतियोगिता अन्तरगत मंगलबार सम्पन्न खेलमा सप्तरीले सिरहालाई ८ विकेटले पराजित गरेको हो ।

उक्त खेलमा साक्षी यादवको उत्कृष्ट ब्याटिङले सप्तरीले लगातार दोस्रो जित निकाल्न सफल भएको छ ।

सप्तरीले दिएको १ सय ३ रनको लक्ष्य पछयाउने क्रममा सिरहाले १९ ओभर ६ बलमा सबै बिकेट गुमाई ९४ रनमै सिमित भयो । जसमा अनुराधा चौधरीले १९ र प्रतिक खड्काले ११ रन बाहेक कुनै खेलाडी दोहोरो अंक पार गर्न सकेनन् । यता बलिङतर्फ सप्तरीकी अपेक्षा यादवले ४, सुस्मिता यादब र साक्षी यादबले २/२ बिकेट लिएकी थिइन् ।



टस जितेर सप्तरीले १९ ओभर ६ बलमा ९ बिकेट गुमाएर १ सय २ रनको योगफल खडा गरेको थियो । जसमा साक्षी यादवले उत्कृष्ट ब्याटिङ गर्दै ५७ रनको पारी खेलेकी थिइन् भने अपेक्षा यादवले ११ रन बनाइन् ।

बलिङतर्फ सिरहाकी अनुराधा चौधरी ४, सरस्वती चौधरीले ३, मिना महतो, प्रतीक्षा खडका १/१ बिकेट हात पारेकी थिइन् । उक्त खेलमा सप्तरीका साक्षी यादब प्लेयर अफ दि म्याच घोषित भइन् ।

# पन्ध्र दिनमा १३ क्विन्टल गाँजा बरामद

महोत्तरी, १९ चैत (रासस) ।

महोत्तरीमा पन्ध्र दिनयता करिब १३ क्विन्टल लागुऔषध गाँजा बरामद गरिएको छ । लागुऔषध नियन्त्रण ब्यूरो बर्दिबासको सक्रियतामा गाँजा बरामद गरिएको हो ।

पहाडी जिल्लाम लुकाइछिपाइ ल्याएको गाँजा बरामद गरिएको ब्यूरोका प्रहरी नायब निरीक्षक सरोजकुमार अधिकारीले जानकारी दिनुभयो । सोमबार साँझ बिपी राजमार्गको बर्दिबास-३ गौरीडाँडास्थित ट्राफिक प्रहरी पोष्ट अगाडि वागमती प्रदेश-०१-००६-ख ५३७१ नम्बरको ट्रक जाँच गर्दा ट्रकको हुटमाथि प्लाष्टिकमा बेरिएको दुई क्विन्टल ३५ किलो गाँजा बरामद गरिएको थियो ।

गाँजासँगै ट्रक चालक मकवानपुरको थाहा नगरपालिका-७ डाँडाबासका २७ वर्षीय कविराज गोलेलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले जानकारी दिनुभयो । यसअघि यही चैत ३ गते सोही ठाउँमा सिन्धुलीबाट बर्दिबासतर्फ आइरहेको बा३ख ५८३२ नम्बरको ट्रक जाँचका क्रममा ५४७ किलोग्राम गाँजा बरामद गरिएको थियो । चालक सिन्धुपाल्चोकको बाह्रबिसे-७ का ३७ वर्षीय सलिन मगरलाई पक्राउ गरी कारबाही अघि बढाइएको छ ।

यस्तै ब्यूरोको टोलीले चैत ८ गते ढल्केबर जनकपुर सडकखण्डको लक्ष्मीनियाँचोकमा मधेस प्रदेश-०३-००२-ख २५२० नम्बरको ट्रक जाँचका क्रममा पाँच क्विन्टल १० किलो गाँजा बरामद गरेको थियो । यस क्रममा ट्रक चालक मकवानपुरको थाहा नगरपालिका-२ का २५ वर्षीय सञ्जीव सिन्तानलाई पक्राउ गरी आवश्यक कारबाही थालिएको प्रहरीले जनाएको छ ।

पहाडी जिल्लाबाट ठूलो परिमाणमा गाँजाको ओसारपसार हुँदै आएको छ । गाँजा तस्करले महोत्तरीको बर्दिबासलाई 'ट्रान्जिट प्वाइन्ट' बनाएका छन् । बर्सेनि बर्दिबास सेरोफेरोबाट ठूलो परिमाणमा गाँजा बरामद गरिँदै आएको छ । भरिया र चालक पक्राउ परेपनि मुख्य कारोबारीसम्म प्रहरी पुग्न सकेको छैन ।

# मधेस प्रदेश प्रमुखद्वारा तीन विधेयक प्रमाणीकरण

धनुषा, १९ चैत (रासस) ।

मधेस प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रदेशसभाबाट पारित भई प्रमाणीकरणका लागि पेस गरिएका तीन महत्वपूर्ण विधेयक प्रमाणीकरण गर्नुभएको छ ।

मंगलबार प्रदेश प्रमुख भण्डारीले मधेसमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश बालअधिकारसम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गर्नुभयो ।

नेपालको संविधानको धारा, २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गरिएका यी विधेयक प्रदेश विकासका लागि महत्वपूर्ण मानिएको छ । मधेसमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले मधेस प्रदेशमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक नीति तथा योजना तय गर्नेछ ।

त्यसैगरी, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले प्रदेशभर कृषि क्षेत्रमा नवप्रवर्तन, आधुनिकीकरण तथा कृषकको हित संरक्षण गर्ने कानुनी आधार तयार गर्नेछ । प्रदेश बालअधिकारसम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयकमा बालअधिकार संरक्षणलाई अझ प्रभावकारी बनाउनका लागि यस ऐनमा संशोधन गरिएको हो ।

प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता शत्रुधन यादवका अनुसार यी विधेयकको कार्यान्वयनबाट मधेस प्रदेशको सामाजिक, आर्थिक र पर्यटकीय क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

# सांसद दीपक बोहराको निधन

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ चैत ।**

प्रतिनिधिसभा सदस्य एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता दीपक बोहराको ७६ वर्षको उमेरमा निधन भएको छ । स्थानीय ओम अस्पतालमा उपचारका क्रममा उहाँको मंगलबार निधन भएको राप्रपा प्रवक्ता मोहन श्रेष्ठले बताए ।

रुपन्देही क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभामा निर्वाचित उनी विगत तीन वर्षदेखि विभिन्न स्वास्थ्य समस्याबाट पीडित थिए ।

## 'जडीबुटी ...

सरकारको स्वामित्व भएको यो कम्पनीले विभिन्न औषधियुक्त एवं सुगन्धित जडीबुटीहरुको सङ्कलन र प्रशोधन गर्दै आएको छ । कम्पनीले सञ्चो, भिक्स, हिमालय मसाज तेल, सञ्चो जटा केश तेललगायत उत्पादन गर्दै आएको छ ।

## 'पत्रकारहरुको ...

आवश्यक रहेको बताए । उनले संचारकर्मीहरुले अराजकता र भ्रष्टाचार विरुद्ध कलम चलाउने गरेकै कारण असुरक्षित हुँदै गएकोले कानुन ल्याउन सरकार संग माग गरे ।

प्रजातान्त्रिक प्राध्यापक संघका अध्यक्ष उमेश कुमार यादवले जनतालाई सूचना समाचार दिन अहोरात्र खटिने पत्रकारलाई सुरक्षा दिन राज्य संग माग गरे । गणतन्त्र स्थापनाका लागि पत्रकारहरुले निर्वाह गरेको भूमिका स्मरण गर्दै उनले पत्रकारको सुरक्षाप्रति संम्वेदनशील भएर राज्यले कानुन ल्याउनु पर्ने जिकिर गरे ।

नेपाल पत्रकार महासंघ सप्तरीका पुर्वअध्यक्ष बैद्यनाथ झा तथा पुर्वअध्यक्ष मुरली प्रसाद यादवले पत्रकार र संचारगृहको सुरक्षा गर्ने दायित्व कसको ? भन्ने प्रश्न उठाए । सुनियोजित रुपमा सुरेश रजकको निर्मम हत्या भएपनि अहिले सम्म संलग्न व्यक्ति पक्राउ नपर्नु राज्यको कमजोरी भएको उनीहरुको कथन छ ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा आयोजित कार्यक्रममा पत्रकार एवं अधिकारकर्मी मनोहर पोखरेल, नेपाल प्रेस युनियनका अध्यक्ष विनय कुमार लाल कर्ण र नेपाल प्रेस मञ्चका अध्यक्ष भूषण कुमार सिंहले पत्रकारको निर्मम हत्या गर्ने, घाईते बनाउने र संचारगृहमा आक्रमण गर्ने उपर अविलम्ब सरकारले पक्राउ गरि कारवाही अगाडी बढाउन तथा घट्नाबाट पीडित बनेकाहरुलाई क्षतिपूर्ती उपलब्ध गराउन माग गरे ।


उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू

- नून कम भएको स्वस्थ र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्वन्धी रोगको नियमित जाँच गर्ने गरौं।

स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np